नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २२ २०८० साल साउन २७ गते शनिबार (12 Aug. 2023 Saturday) मूल्य रु. ५/-




**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : खण्डहर बन्दै भृकुटी कागज... ३ पृष्ठमा : भौतिक पूर्वाधारतर्फका राष्ट्रिय ... ३ पृष्ठमाआइएसको आक्रमणमा २३...

## बौद्धिक अपाङ्गताहरुका लागि विषेश कार्यक्रम ल्याउनु जरुरी : शिक्षा मन्त्री यादव



**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

मधेश प्रदेशका शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवले बौद्धिक अपाङ्गताहरुका लागि विषेश कार्यक्रम ल्याउनु जरुरी रहेको बताएका छन् ।

शुक्रबार राजविराजमा एकै थलोमा आयोजना गरिएको बोद्धिक अपाङ्गता संघको प्रथम तथा बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीको सातौं साधारण सभाको उद्घाटन गर्दै मन्त्री यादवले यस्तो कुरा बताएका हुन् ।

अपाङ्गता भएकाहरु प्रति राज्य पक्षले दायित्व बोध गरी उनीहरुका समस्या समाधानमा तीनै तहका सरकारले ध्यान दिनु जरुरी रहेको बताए । उनले १० प्रकारका अपाङ्गता मध्ये बौद्धिक अपाङ्गता पनि एक रहेकोले उनीहरुका लागि विशेष कार्यक्रम ल्याउनु जरुरी रहेको उल्लेख गरे ।

सबै वर्ग, तह तप्काको पहुँच हुन सक्ने वातावरण तयार हुदा मात्र परिवर्तनको प्रत्याभुती मिल्ने भन्दै मन्त्री यादवले बौद्धिक अपाङ्गताहरुका लागी पनि उत्तिकै ध्यान दिनु पर्नेमा जोड दिए ।

राजविराजको वडा नं ६ मा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागी सञ्चालित बहिरा बालक स्कुलमा कक्षा सञ्चालनमा पनि विभिन्न समस्या रहेको जानकारी प्राप्त भएको उल्लेखका साथ उनले कक्षा कोठा, शिक्षक, सिकाई समाग्रीको अभाव प्रति आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत व्यक्त गरे ।

उनले सप्तरीका ऐतिहासिक धरोहरको रुपमा मानिएका बालमन्दिर, राजरंगशाला, बहिरा बालक स्कुल लगायतका संरचनाको अस्तित्व संकटमा परेको भन्दै उक्त ऐतिहासिक महत्वका धरोहरहरुको संरक्षण गर्न आफु लागि परेको जानकारी समेत दिए ।

सप्तरीमा स्थानीय प्रशासनको व्यवहारप्रति यहाँका पत्रकारहरु आन्दोलित भएको प्रसंग कोट्याउँदै उनले भएका गल्ती कमजोरी सच्याउँदै पत्रकारहरु समेतको समन्वयमा काम गर्न स्थानीय प्रशासनलाई सुझाव पनि दिए ।

उक्त कार्यक्रममा अपाङ्गता भएका व्यक्तीहरुको मानव अधिकार तथा जिवनस्तरमा सुधार ल्याउन आ-आफ्नो क्षेत्रबाट योगदान गरे वापत पत्रकार मनोज कुमार माझीसहित पाँच जनालाई मन्त्री यादवले कदर पत्रबाट सम्मान गरे ।

सम्मानित हुनेहरुमा पत्रकार माझीका साथै राजविराज नगरपालिकाका शिक्षा संयोजक भोगेन्द्र प्रसाद यादव, समावेशी अपाङ्गता संघ सप्तरीका अध्यक्ष सतिश चन्द्र झा, बौद्धिक अपाङ्गता महासंघका राष्ट्रिय अध्यक्ष शिव श्रेष्ठ र बौद्धिक अपाङ्गता अभिभावक महासंघ नेपालका राष्ट्रिय अध्यक्ष राजु वस्नेत छन् ।

बौद्धिक अपाङ्गताका अभिभावक संघ सप्तरीका अध्यक्ष जगदिश प्रसाद अर्यालको अध्यक्षतामा आयोजित साधरण सभामा बौद्धिक अपाङ्गता अभिभावक महासंघ नेपालका राष्ट्रिय अध्यक्ष राजु वस्नेत, बौद्धिक अपाङ्गता महासंघका राष्ट्रिय अध्यक्ष शिव श्रेष्ठ, समावेशी अपाङ्गता संघ सप्तरीका अध्यक्ष सतिश चन्द्र झा, बौद्धिक अपाङ्गता संघ सप्तरीका अध्यक्ष सुजित कुमार झा, राजविराज नगरपालिकाका शिक्षा संयोजक भोगेन्द्र प्रसाद यादव, पत्रकार मनोहर कुमार पोखरेल लगायतले पनि बोल्दै बौद्धिक अपाङ्गता भएका व्यक्तीको क्षमता विकासका लागी सरकारले विभिन्न नीति र योजना ल्याउनु पर्नेमा जोड दिए ।

आरती मण्डलद्वारा संचालित साधारण सभामा संस्थाका सचिव राधाकान्त झाले सांगठनिक तथा कोषाध्यक्ष विमला परियारले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

## बृद्ध पोखरीमा मृत अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीमा एक बृद्ध पोखरीमा मृत अवस्थामा फेला परेका छन् । जिल्लाको विष्णुपुर गाउँपालिका ५ कट्टी टोल निवासी ७० वर्षिय दुखि खंग पोखरीमा मृत फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घरबाट बाहिर गई बेलुकासम्म घर नआएपछि परिवारजनले खोजतलास गर्दै जाँदा राजबिराज १६ स्थित सार्वजनिक पोखरीमा उनको मृत शरीर तैरिरहेको अवस्थामा फेला परेको हो ।

घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय सप्तरीको टोलीले थप अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

## छुट्टाछुट्टै दुर्घटनामा दुईको मृत्यु

**दैनिक समाचारदाता**
**महोत्तरी, २६ साउन ।**

महोत्तरीको बर्दिबास नगरपालिकाको छुट्टाछुट्टै स्थानमा भएको दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

बिहीबार राति बिपी राजमार्गअन्तर्गत बर्दिबासबाट सिन्धुलीतर्फ जाँदै गरेको प्र०१-०२६च ५६४३ नंको जिपले बर्दिबास-३ गुञ्ज होटल अगाडि बाटो काट्दै गरेका बर्दिबास ३ गौरीबासका ७२ वर्षीय रामबाबु मोक्तानलाई ठक्कर दिएको थियो । उनको उपचारका क्रममा जनसेवा अस्पताल बर्दिबासमा मृत्यु

***बाँकी अन्तिम पृष्ठमा***

## पत्रकारको आन्दोलन दोश्रो दिन पनि निरन्तर




**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

नेपाल पत्रकार महासंघ सप्तरीको अगुवाईमा शुक्रबार दोस्रो दिन पनि आन्दोलन जारि रहेको छ । जिल्ला प्रशासन कार्यालय सप्तरीले अनुमति बिना कार्यालय परिसर भित्र फोटो, भिडियो खिच्न नपाउने सुचना जारी गरेपछि पत्रकारहरु आन्दोलित भएका हुन् ।

क्षमायाचनासहित सुचना फिर्ता गर्न माग गर्दै सप्तरीका पत्रकारहरुले दोश्रो दिन पनि आन्दोलन जारी राख्दै राजविराज नगरमा बिरोध प्रदर्शन गरेका छन् ।

क्षमायाचनासहित सुचना फिर्ता गरि प्रेस स्वतन्त्रता कायम गर्ने मागसहित उनीहरू बिहिबारदेखि आन्दोलनमा उत्रेका छन् ।

यसअघि बिहिबार साँझ जिल्ला प्रशासन कार्यालयले बिज्ञप्ती जारी गर्दै उक्त सुचना फिर्ता लिएको जनाए । तर, पत्रकार महासंघले क्षमायाचनासहित सुचना फिर्ता, प्रेस स्वतन्त्रताको ग्यारेन्टी तथा पत्रकार कुटपिटमा संलग्न प्रहरीलाई कारबाहीको सुनिश्चिता नभएसम्म संघर्षरत रहने जनाएको छ ।

## पत्रकार महासंघद्वारा थप आन्दोलनका कार्यक्रम घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

जिल्ला प्रशासन कार्यालय सप्तरीले क्षमायाचनासहितको उर्दी फिर्ता लिई पूर्ण प्रेस स्वतन्त्रताको वातावरण बनाउनु पर्ने र जिल्ला प्रहरी कार्यालय सप्तरीमा पत्रकार मनोहर पोखरेलमाथी आक्रमण भएको घटनामा संलग्न असईमाथी कानुन बमोजिम कारबाही हुनुपर्ने मागसहित आन्दोलनका थप कार्यक्रम सार्वजनिक गरेको छ ।

महासंघका सचिव रामनारायण विश्वासद्वारा शुक्रबार जारि विज्ञप्तिमा साउन ७ गते मौन जुलुस, २८ गते मैनबत्ति जुलुस, २९ गते सिटि जुलुस, ३० गते एक घण्टा प्रशासन कार्यालयमा धर्ना, ३१ गते २ घण्टा धर्ना, ३२ गते ३ घण्टा धर्ना र भदौं १ गते २४ घण्टे रिले अनसन गर्ने आन्दोलनका कार्यक्रमहरु सार्वजनिक गरिएको छ ।

## वडाअध्यक्षलाई विद्यालय व्यवस्थापनको जिम्मा अमान्य : महासंघ

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

प्रस्तावित विद्यालय शिक्षा ऐन २०८० मा प्रस्तावित विषयप्रति सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघले आपत्ति जनाएको छ ।

मस्यौदामा समेटिएको वडाअध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको नेतृत्व दिने विषयमा

***बाँकी अन्तिम पृष्ठमा***

चट्याङको समयमा सतर्क रहौं ।

चट्याङबाट बच्ने उपायः

- बिजुली चम्केको बेला सतर्कता अपनाउने,
- विद्युतीय तरङ्ग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बस्ने,
- खुला ठाउँमा भए कुनै घर अथवा भवनमा प्रवेश गर्ने,
- सकभर अग्लो स्थानमा नबस्ने,
- धातुका ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### आर्थिक मन्दी हटाउनेप्रति सरकारको ध्यान पुगोस्

अहिले सम्पूर्ण मुलुक आर्थिक मन्दीको चपेटबाट गुज्रिरहेको अवस्था छ। विभिन्न व्यापार, व्यवसायहरु चौपट भइरहेको छ। व्यापार, ब्यवसायलाई अगाडी बढाउन पुँजीको अभाव हुन्छ तर बैंक तथा बित्तिय संस्थाहरुले ऋण प्रवाह गरिरहेका छैनन्। जसकारण अधिकांश ब्यापार, ब्यवसाय बन्द हुन पुगेको छ भने ब्यापारीहरु झनै ऋणमा डुबेका छन्। ऋण प्रवाह नहुँदा त्यसको मार आम जनताहरुमा समेत परेका छन्।

ब्यापार चौपट बन्दै गएको अवस्थामा महँगो दरमा पसल थापेर बसेका ब्यापारीहरुलाई भाडा तिर्न पनि धौं धौं परेको छ। जसले गर्दा उनीहरुले सटर छोड्न बाध्य भएका छन्। यता बैंकले ऋण प्रवाह नगरेर उल्टै ब्याज दर समेत बढाउँदै गएको छ। यसले ऋणीहरु चर्को ब्याज तिर्न बाध्य भएका छन्। सरकारले आमजनताको मर्कालाई आत्मसाथ गर्न नसक्दा आर्थिक मन्दी कारणले कतिपयको घर, ब्यापार समेत बिक्रि गर्नु पर्ने अवस्था उत्पन्न भएको छ। यस्तो अवस्थामा सबैभन्दा पहिले सरकारले आमजनतालाई बाच्न पाउने स्थिर वातावरण बनाउन अग्रसरता देखाउनु जरुरी छ। जनता आत्मनिर्भर भए मात्र देश समृद्ध हुन सक्छ भन्ने कुरालाई सरकारले बुझ्नु जरुरी छ।

यस्तो अवस्थाप्रति सरकारले गम्भिरतापूर्वक अग्रसर हुनु जरुरी छ। तसर्थ जनता समृद्ध भए देश समृद्ध हुने र अर्थतन्त्र पनि बलियो हुनुका साथै राजश्वमा बृद्धि हुने कुरामा सबैले मनन् गरि यस्तो अवस्थाबाट उकास्न तीनै तहका सरकार गम्भिरतापूवर्क लाग्नु आवश्यक छ।

# खण्डहर बन्दै भृकुटी कागज कारखाना

**टेकराज पोखरेल**

नवलपुर, २६ साउन (रासस)।

नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैँडाकोट-२ मा रहेको भृकुटी पल्प एन्ड पेपर नेपाल लिमिटेड बन्द भएपछि खण्डहर बन्दै गइरहेको छ। नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यले चार दशकअघि स्थापना गरिएको नेपालकै ठूलो कागज कारखानाको अवस्था अहिले भेन्टिलेटरमा राखिएको बिरामीजस्तै भएको स्थानीय बताउँछन्।




भृकुटी कागज कारखाना नजिकैका ७० वर्षीय रामेश्वर कँडेलले उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँ निकै चहलपहल हुने गरेको स्मरण गर्नुभयो। "विसं २०६५/६६ सम्म यो भृकुटीचोकमा अहिलेको नारायणगढ बजारकोभन्दा कम चहलपहल हुँदैनथ्यो", उहाँले भन्नुभयो, "उद्योगमा काम गर्ने सात र आठ सय मजदुर काममा जाने र निस्कने गर्दा त्यो दृश्य निकै नै रोचक लाग्थ्यो।" विसं २०६७ मा व्यवस्थापनले उद्योग बन्द गरेपछि यहाँको चहपहल घटेसँगै उद्योग खण्डहर बन्दै गएको कँडेलले बताउनुभयो।

"उद्योग चल्ने बेलासम्म त उद्योग रहेको ठाउँ आकर्षक देखिन्थ्यो", उहाँले भन्नुभयो, "उद्योग बन्द भएपछि उद्योगको छानो तथा बारेका टिनका पाता खसेका छन्, पर्खाल भत्किएका छन्, उद्योगभित्र झाडी बढेको छ, हेर्दै डरलाग्दो ठाउँ बनेको छ।" भृकुटी कागज कारखाना रहेको ठाउँ अहिले अपराध गरेर मान्छे लुक्ने ठाउँका रूपमा परिणत भएको कँडेलको भनाइ छ। उद्योग पूर्णरूपमा बन्द भएको ११ वर्षभन्दा बढी भइसकेकाले उद्योगका सबै सामान कबाडी बनेको उहाँको भनाइ छ।

भृकुटी कागज कारखानाका तत्कालीन पल्प प्लान्ट इन्चार्ज ललित श्रेष्ठले अब उद्योग चल्ने र चलाउने सम्भावना नभएको भन्दै यसको उचित व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। "अब चाहेर पनि यो उद्योग सञ्चालन हुन सक्दैन, यहाँ बजार धेरै बढिसक्यो", उहाँले भन्नुभयो। यो खण्डहरमा परिणत भएको उद्योगका सामान हटाएर यहाँ प्राविधिक शिक्षालय, अस्पताल, आइटी पार्क, होटलजस्ता सेवामूलक उद्योग सञ्चालन गर्नुपर्ने उहाँको सुझाव छ। भृकुटी कागज कारखानाले ओगटेको ठाउँमा अहिले पूरै झाडी भरिएको भन्दै उहाँले यो ठाउँ फोहर फाल्ने डम्पिडसाइट बनेको बताउनुभयो।

यो उद्योग सञ्चालनमा हुने बेलासम्म यहाँबाट दैनिक ४२ मेट्रिकटन कागज उत्पादन हुँदै आएको श्रेष्ठको भनाइ छ। "नेपालमा आवश्यकपर्ने सबै खालका कागजको मागको ३५ प्रतिशत हिस्सा यही उद्योगले पूर्ति गर्ने गरेको थियो", उहाँले भन्नुभयो, "हाम्रो उद्योगले उत्पादन गरेको पल्प (पैसा बनाउन प्रयोग हुने कागज) जापानमा समेत निर्यात हुँदै आएको थियो।" श्रेष्ठका अनुसार भृकुटी कागज कारखानाले वार्षिक पाँच सय टन पल्प जापान निर्यात गर्दै आएको थियो।

कारखाना सञ्चालन भइरहेको अवस्थामा विभिन्न कारण देखाउँदै व्यवस्थापन पक्षले विसं २०६७ फागुनदेखि उत्पादन बन्द गरेको श्रेष्ठले बताउनुभयो। "उद्योगको व्यवस्थापन र कर्मचारीबीच सम्झौता भएर विसं २०६९ पुस २१ देखि उद्योग पूर्णरूपमा बन्द भयो", उहाँले भन्नुभयो, "उद्योग पूर्णरूपमा बन्द भएपछि विभिन्न राजनीतिक दल, अर्थमन्त्री, उद्योगमन्त्रीलगायतका व्यक्तिले उद्योग सञ्चालन गर्ने आश्वासन दिए पनि आजसम्म पूरा हुन सकेनन्।" नेपाललाई कागजमा आत्मनिर्भर बनाउने उद्देश्यसहित चीन सरकारले विसं २०३९ मा भृकुटी कागज कारखाना स्थापनाको काम थालेको थियो।

विसं २०४३ मा उद्योगले उत्पादन गर्न सुरु गरेपछि चीनले विसं २०४४ मा यस उद्योग नेपाल सरकारलाई हस्तान्तरण गरेको श्रेष्ठले बताउनुभयो। सरकारले केही वर्ष कारखाना सञ्चालन गर्दा निरन्तर घाटामा गएको भन्दै विसं २०४९ मा निजीकरण गरिएको थियो। सरकारले विसं २०४९ पुस २० गते भृकुटी कागज कारखाना गोल्छा अर्गनाइजेसनलाई बिक्री गरेको थियो।

सरकारले उद्योग बिक्री गर्दा उद्योग, आवाससहित भृकुटीको नाममा करिब ६० बिघा जमिन रहेको उहाँले बताउनुभयो। भृकुटी कागज कारखाना ३० बिघा क्षेत्रफल तथा आवास २२ बिघा क्षेत्रफलमा फैलिएको भन्दै उहाँले बाँकी आठ बिघा जमिन गोल्छाले टेक्सटायल कम्पनीलाई बिक्री गरेको बताउनुभयो।

उद्योग पूर्णरूपमा बन्द भएको समय विसं २०६९ मा उद्योगमा करिब सात सय कर्मचारी कार्यरत रहेको श्रेष्ठको भनाइ छ। "उद्योग बन्द भएपछि करार र ज्यालादारी कर्मचारीको हिसाबकिताब मिलान गरियो, उद्योगमा रहेको तीन सय ३३ जना स्थायी कर्मचारीको पारिश्रमिक लिन बाँकी छ", उहाँले भन्नुभयो, "एक जना कर्मचारीले कम्तीमा रु पाँच लाखदेखि बढीमा रु ४० लाखसम्म पाश्रिमिक लिन बाँकी छ।" उद्योगले कर्मचारीलाई मात्रै तिर्नका लागि रु ३५ करोड हाराहारीमा बाँकी रहेको श्रेष्ठले बताउनुभयो।

उद्योगको सुरक्षामा खटिएका कर्मचारीले उद्योग सञ्चालकहरू कहिलेकाहीँमात्रै गैँडाकोट आउने गरेका बताउनुभयो। उहाँका अनुसार उद्योग र आवासको सुरक्षामा अहिले पनि १५ जना कर्मचारी कार्यरत छन्। "उद्योगमा ताला लगाएर राखिएको छ", उहाँले भन्नुभयो, "उद्योगका सबै सामान खिया लागेर काम नलाग्ने भएका छन्। भवन पनि जीर्ण भएको छ।"

ती सुरक्षा कर्मचारीका अनुसार उद्योग छाएका जस्तापाता तथा फलामका छड खसेपछि घाम र पानीका कारण उद्योगका औजार कामै नलाग्ने भएका छन्। "उद्योगको छानो छैन, उद्योगको पर्खालसमेत भत्किएका छन्, उद्योग तथा आवास परिसरमा ठूलो झाडी छ", उहाँले भन्नुभयो।

भृकुटी पीडित मजदुर सङ्घर्ष समितिका संयोजक दर्शन सापकोटाले उद्योग बन्द भएपछि व्यवस्थापन पक्षसँग पटकपटक वार्ता र छलफल भइरहेको बताउनुभयो। "त्यो बेलामा अस्थायी र करार कर्मचारीलाई सबै रकम दिएर बिदा गरिएको थियो, स्थायी कर्मचारीका विषयमा सम्झौता भएर उद्योग बन्द भयो", उहाँले भन्नुभयो, "उद्योग बन्द हुने बेलामा कर्मचारीको पाकेको रकमको वार्षिक १० प्रतिशत रकम थप गरेर एकमुष्ठ रकम उपलब्ध गराउनुपर्ने सम्झौता भएको थियो।" पीडित कर्मचारीलाई पाश्रिमिक नदिने बेलासम्म उनीहरूको मासिक तलबको आधा हुन आउने तलबसमेत हरेक महिना जोड्दै गएर एकमुष्ट भुक्तानी गर्नेगरी सम्झौता भएको सापकोटाले बताउनुभयो।

उद्योग बन्द हुने बेलामा नै उसको बैंक तथा स्थानीय सप्लायर्सलाई तिर्नुपने रकम धेरै भएको सापकोटाको भनाइ छ। "उद्योगका लागि आवश्यकपर्ने कच्चापदार्थ सप्लाइ गर्ने स्थानीय सप्लायरलाई धानको पराल, भुस, बाबियो, खर, काँसको रकम उद्योगले तिर्नै बाँकी छ", उहाँले भन्नुभयो, "उद्योगले नेपाल बैंक, राष्ट्रिय बाणिज्य बैंक, हिमालय बैंक लिमिटेडको कर्जा पनि तिर्न बाँकी रहेको छ।" व्यवस्थापनले भुक्तानी गर्न जति ढिलाइ गऱ्यो त्यति नै उद्योग दलदलमा फस्दै जाने सापकोटाको भनाइ छ।

दिवाकर गोल्छाले सञ्चालन गर्दै आउनुभएको भृकुटी कागज कारखाना उहाँको स्वर्गारोहणपछि अहिले 'दिवाकर गोल्छा कर्प' नामको संस्थाको मातहतमा रहेको छ। दिवाकर गोल्छा कर्पका सञ्चालक एवं दिवाकरका पुत्र हितेश गोल्छाका निकट मानिने कर्पका प्रतिनिधि रमेश दाहालले सो उद्योग ग्लोबल टेन्टरमार्फत गोल्छा समूहले रु १७ करोडमा खरिद गरेको बताउनुभयो।

गोल्छा समूहले भृकुटी कागज कारखाना रु १७ करोडमा खरिद गरेको भनिएको कारखाना बिक्रीबाट तत्कालीन श्री ५ को सरकारले रु १२ करोड ९८ लाखमात्रै हात पारेको जानकारहरू बताउँछन्।

"उद्योग बन्द भएको पनि १३ वर्ष पुग्यो, गैँडाकोट अहिले ठूलो सिटीका रूपमा विकास भइरहेको छ, सिटीको बीचमा कागज कारखाना सञ्चालन गर्नसक्ने अवस्था अब छैन", दाहालले भन्नुभयो, "जनचाहनाअनुसार यसको जग्गा भएको ठाउँमा सेवामूलक उद्योग चलाउनुपर्छ, जसका कारण गैँडाकोट नगरपालिकालाई राजस्वमात्रै होइन स्थानीयलाईसमेत रोजगार प्राप्त हुन्छ।"

उद्योग निजीकरण भएपछि विसं २०५१ देखि नै उद्योग सञ्चालनका लागि ऋण लिएर काम गर्दै आएकामा उद्योग बन्द हुने बेला विसं २०६९ सम्म उद्योगको ऋण रु ८२ करोड जति पुगेको उहाँले बताउनुभयो। "उद्योग बन्द भएकै १२ वर्ष भइसक्यो, उद्योग बन्द भएपछि हामीले साँवा तथा ब्याज भुक्तानी गर्न सकिएन", उहाँले भन्नुभयो, "बाहिर हल्ला भएजस्तो तीन महिनामा तिर्छौं भनेर सहमति भएको होइन, तर बैंकको ऋण कसरी तिर्ने भन्ने विषयमा बैंकसँग हितेशजीको छलफल चलिरहेको छ।"

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# भौतिक पूर्वाधारतर्फका राष्ट्रिय गौरवका आयोजनामा समय र लागत दुवै बढ्यो

काठमाडौँ, २६ साउन (रासस)।

'विकासको पनि विकास'का रूपमा लिइने भौतिक पूर्वाधारअन्तर्गतका राष्ट्रिय गौरवका आयोजनाको प्रगति अपेक्षित रूपमा सन्तोषजनक नभएको पाइएको छ। एकाध आयोजनाको प्रगति राम्रो भए पनि अधिकांश आयोजना सम्पन्न हुन अझै केही वर्ष लाग्ने देखिएको छ।

सरकारले नागरिकलाई सहज रूपमा सेवा उपलब्ध गराउने उद्देश्यका साथ अगाडि बढाएका राष्ट्रिय गौरवका आयोजना समयमा पूरा नहुँदा लागत र समय दुवै बढेको छ। यसबाट नागरिकले अपेक्षित लाभ लिन सकेका छैनन् भने सरकारले अन्य महत्त्वपूर्ण आयोजनासमेत सुरु गर्न सकेको छैन।

भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय मातहत विभिन्न छवटा राष्ट्रिय गौरवका आयोजना छन्। ती आयोजना समयमै सम्पन्न हुन नसक्दा राज्यको दायित्व हरेक वर्ष बढ्दै गएको छ।

सो मन्त्रालय मातहत रहेको कालीगण्डकी करिडोर (बेनी-जोमसोम योजना) आयोजना आव २०७३/७४ मा सुरु भएको हो। सो आयोजना आव आव २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

आयोजनाको कूल लागत रु १० अर्ब ५७ करोड बराबर छ। हालसम्मको भौतिक प्रगति ७३ प्रतिशत बराबर छ। बाँकी रहेको एक सय दुई किलोमिटरमा कालोपत्रका लागि ठेक्का व्यवस्थापन हुन अझै बाँकी छ। दुईवटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी छ। आयोजनाको कूल पुल सङ्ख्या ३२ वटा छन्। सडकखण्डमध्ये एक सय किलोमिटर कालोपत्र भएको छ।

यस्तै, कर्णाली करिडोर हिल्सा सिमीकोट सडक आव २०६९/७० देखि सुरु भएको हो। आयोजना आव २०८३/८४ मा सम्पन्न गर्नुपर्ने लक्ष्य राखिएको छ। आयोजनाको कूल लागत रु छ अर्ब ६६ करोड बराबर छ। हालसम्मको भौतिक प्रगति मात्रै २४ प्रतिशत बराबर छ। वित्तीय प्रगति २० दशमलव २१ प्रतिशत बराबर छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको उत्तर दक्षिण राजमार्ग कालीगण्डकी करिडोर गैडाकोट राम्दी मालढुङ्गा खण्ड आव २०६६/६७ मा सुरु भएको हो। सो आयोजना आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको कूल लागत रु २५ अर्ब २२ करोड बराबर छ। हालसम्मको भौतिक प्रगति मात्रै ४५ प्रतिशत बराबर छ। त्यस्तै, वित्तीय प्रगति ४३ प्रतिशत बराबर छ। सो आयोजनामा कूल ५७ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ३० वटा सम्पन्न भएका छन्। यस्तै २७ वटा निर्माण हुन बाँकी छ। सो सडकखण्ड कूल दुई सय ४५ किलोमिटर रहेकामा एक सय ७७ किलोमिटर बराबर कालोपत्र भएको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको उत्तर दक्षिण कोशी सडक योजना खाँदबारी किमाथाङ्का आव २०६५/६६ देखि सुरु भएको हो। सो आयोजना आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको कूल लागत रु ११ अर्ब ९३ करोड बराबर छ। हालसम्मको भौतिक प्रगति ४२ प्रतिशत र वित्तीय प्रगति ४२ प्रतिशत छ। सो आयोजनामा कूल २१ वटा पुल निर्माण गर्नुपर्नेमा हालसम्म ११ वटा मात्रै पूरा भएको छ। आयोजना कूल एक सय ६२ किलोमिटर रहेकामा आव २०७९/८० को अन्त्यसम्म ७४ किलोमिटर मात्रै ग्राभेल भएको छ।

हुलाकी राजमार्ग आव २०६६/६७ देखि सुरु भएको हो। सो आयोजना चालु आवमा सम्पन्न गर्ने लक्ष्य राखिएको भए पनि कार्यप्रगति सन्तोषजनक नभएपछि आव २०८३/८४ मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। सो आयोजनाको लागत रु ६५ अर्ब २० करोड बराबर छ। सो आयोजनाको भौतिक प्रगति ९१ प्रतिशत र वित्तीय प्रगति ९१ प्रतिशत बराबर छ।

हालसम्म रु ५९ अर्ब ६५ करोड बराबर खर्च भएको छ। आयोजनामा कूल दुई सय ५० पुल निर्माण गर्नुपर्नेमा एक सय ३२ वटा सम्पन्न भएका छन्। हालसम्म एक हजार ३९ किलोमिटर सडक निर्माण सम्पन्न भएको छ। कूल एक हजार आठ सय ५७ किलोमिटर निर्माण गर्नुपर्नेछ। यस्तै, कूल एक सय ६७ दशमलव पाँच किलोमिटर सडकखण्ड र ५० वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी रहेको छ।

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको पुष्पलाल मध्य पहाडी राजमार्ग आव २०६४/६५ मा सुरु भएको हो। आयोजना आव २०७९/८० सम्पन्न गर्नुपर्ने भए पनि निर्माण पूरा नभएपछि आव २०८४/८५ सम्म लम्ब्याइएको छ। आयोजनाको कूल लागत रु ८४ अर्ब ३३ करोड बराबर छ। हालसम्म भौतिक प्रगति ७२ दशमलव ७० प्रतिशत र वित्तीय प्रगति ७६ दशमलव ८० प्रतिशत बराबर छ। हालसम्म आयोजनामा रु ६४ अर्ब ७६ करोड बराबर रकम 'मोबिलाइजेसन' पेस्कीसमेत गरेर खर्च भएको छ। सो आयोजनामा कूल एक सय ३७ पुल निर्माण गर्नुपर्नेमा हालसम्म एक सय दुईवटा निर्माण भएको छ।

आव २०७९/८० को अन्त्यसम्म एक हजार चार सय दुई किलोमिटर बराबर सडक निर्माण पूरा भएको छ। सो आयोजनाको कूल लम्बाइ एक हजार आठ सय ७९ किलोमिटर छ। यस्तै, एक सय १६ किलोमिटर सडक र १५ वटा पुलको ठेक्का व्यवस्थापन हुन बाँकी छ।

राष्ट्रिय गौरवका आयोजनाको भौतिक प्रगति गत आर्थिक वर्षभन्दा बढी भए पनि पूर्णरूपमा सन्तोषजनक नभएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ। अघिल्लो आवभन्दा गत आवको प्रगति राम्रो भएको सडक विभागका महानिर्देशक सुशीलबाबु ढकालले जानकारी दिनुभयो।

राष्ट्रिय गौरवका आयोजना, रुपान्तरणकारी योजना र अन्य महत्त्वपूर्ण योजनालाई युद्धस्तरमा अगाडि बढाउन भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले निर्देशन दिनुभयो। वर्षौं पहिले निर्माणका काम थालिएका आयोजना पटकपटक म्याद थप्दा पनि नसकिँदा नागरिकमा गलत सन्देश गएको भन्दै मन्त्री ज्वालाले यो वा त्यो बहानामा निर्माण कार्य ढिला नगर्न निर्देशन दिनुभयो।

"अन्धाधुन्ध काम गरेरमात्र हुँदैन, शक्तिशाली सिंहजस्तै दुई कदम अगाडि बढ्ने र एक पटक समीक्षा गर्ने नीति लिएर निर्माण कार्यमा लाग्न जरुरी छ", मातहतका कर्मचारीलाई निर्देशन दिँदै मन्त्री ज्वालाले भन्नुभयो, "प्रत्येक चौमासिकमा योजनाहरूको अनिवार्य समीक्षा गर्ने चलन बसालौँ, त्यसले आयोजनामा देखिएका समस्याको पहिचान र समाधानको उपाय दिन्छ।" मन्त्री ज्वालाले नेपाली सेनाको व्यवस्थापनमा निर्माणाधीन काठमाडौँ-तराई मधेस फास्ट ट्र्याकको कामलाई गति दिनुपर्ने बताउनुभयो।

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा मिनबहादुर श्रेष्ठले राष्ट्रिय गौरवका आयोजनामा अपेक्षित प्रगति नहुँदा राज्यले गरेको लगानी र त्यसबाट प्राप्त हुने प्रतिफल नागरिकस्तरमा पुग्न नसक्दा असन्तुष्टि बढेको बताउँदै विकासको समग्र प्रक्रियामा नै पुनरावलोकन गर्नुपर्नेमा जोड दिनुभयो।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

# विश्व समाचार

## आइएसको आक्रमणमा २३ सिरियाली सैनिकको मृत्यु

बेरुत, २६ साउन, (रासस-एएफपी)।

द्वन्द्वग्रस्त देश लेबनानको पूर्वी भागमा इस्लामिक स्टेट समूह जिहादीहरूले एउटा सैन्य बसमा गरेको आक्रमणमा कम्तीमा २३ सिरियाली सैनिकको मृत्यु भएको छ। एकजना युद्ध अनुगमनकर्ताले शुक्रबार सो घटना बारे जानकारी गराएका हुन्। बेलाइतमा रहेको सिरियन अब्जर्भेटरी फर ह्युमन राइट्सले बिहीबार देइर एजोर प्रान्तमा आइएसका सदस्यहरूले एउटा सैन्य बसलाई निशाना बनाएर गरेको आक्रमणमा २३ सैनिकको मृत्यु भएको र १० जनाभन्दा बढी घाइते भएको बताएको छ।

## रुसद्वारा ५० वर्षपछि पहिलो चन्द्रमा स्टेशनतर्फ खोजी यात्रा

भ्लाडिभोस्टक, २६ साउन, (रासस-सिन्ह्वा)।

रुसले चन्द्रमाको दक्षिणी ध्रुवको खोजी गर्ने ऐतिहासिक अभियान सञ्चालन गर्दै शुक्रबार बिहान लुना-२५ चन्द्र स्टेशन सफलतापूर्वक प्रक्षेपण गरेको छ। रिटर्न क्याप्सुल नभएको स्टेशनलाई रुसको सुदुर पूर्वको अमुर ओब्लास्टको भोस्टोचनी कोस्मोड्रोमबाट फ्रेगेट अपर स्टेजको साथ सोयुज-२.१बी रकेटले प्रक्षेपण गरेको थियो।

लिफ्ट अफ भएको नौ मिनेट पछि, लुना-२५ स्टेशनको साथ फ्रिगेट माथिल्लो चरण रकेटको तेस्रो चरणबाट अलग भएको बताइएको छ। त्यसको लगभग एक घण्टापछि लुना- २५ फ्रिगेट माथिल्लो चरणबाट अलग भयो र सफलतापूर्वक चन्द्रमाको उडान मार्गमा प्रवेश गरेको अधिकारीहरूले जानकारी दिएका छन्।

## वर्षाका कारण आएको विपत्तिमा चीनको हेबेई प्रान्तमा २९ जनाको मृत्यु, १६ बेपत्ता

सिजियाजुआङ, २६ साउन, (रासस-सिन्ह्वा)।

उत्तरी चीनको हेबेई प्रान्तमा भर्खरै आएको भीषण वर्षाका कारण उत्पन्न विपद्या परी बिहीबारसम्म २९ जनाको मृत्यु भएको छ भने १६ जना बेपत्ता भएका छन्। स्थानीय अधिकारीहरूले शुक्रबार जानकारी दिए अनुसार अविरल वर्षा र भीषण बाढीले प्रदेशका ११० जिल्लाका विभिन्न शहरहरूमा व्यापक क्षति पुऱ्याएको छ। शुक्रबार बिहान आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार विपद् प्रभावित क्षेत्रमा यातायात, विद्युत, सञ्चार, खानेपानीलगायतका पूर्वाधारमा क्षति पुगेको छ। यो सँगै प्रान्तले ९५.८१ बिलियन युआन (लगभग १३.३८ बिलियन अमेरिकी डलर) को प्रत्यक्ष आर्थिक क्षति बेहोरेको बताइएको छ। साथै प्रकोप सृजित क्षतिको समग्र मूल्याङ्कन र प्रमाणीकरण कार्य भइरहेको पनि बताइएको छ।

बिहीबारसम्म बाढीबाट करिब ३० लाख ८९ हजार मानिस प्रभावित भएका छन्। साथै कुल ३१९,७०० हेक्टर बाली प्रभावित भएको छ भने १ लाख ३१ हजार ५०० हेक्टर क्षेत्रफल खेतियोग्य भूमिमा क्षति पुगेको छ। प्रकोपबाट ४० हजार ९०० घरहरू भत्किएका छन् भने १,५५,५०० घरहरू नराम्ररी क्षतिग्रस्त भएका छन्। शिशु शिक्षालयसहित १ हजार १ सय ५० प्राथमिक र माध्यमिक विद्यालयमा क्षति पुगेको छ।

## नदीहरूमा जल सतह बढेपछि पछि म्यान्मामा १८ हजारभन्दा बढी विस्थापित

याङ्गुन, २६ साउन, (रासस-सिन्ह्वा)।

म्यान्माको दक्षिणी केइन राज्यमा नदीको बहाव खतराको चिन्ह नाघेपछि १८ हजार भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ। केइन राज्यका छवटा टाउनशिपहरूमा बाढीले खतरा उत्पन्न गरेपछि सुरक्षित आश्रयस्थलहरू स्थापना गरिदैछ," केइन राज्य सरकारका प्रवक्ता यू साउ खिन माउङ मिन्टलाई उद्धृत गर्दै सञ्चार माध्यमले उल्लेख गरेका छन्।

थानल्विन नदी सहित केइन राज्यका विभिन्न नदीहरूमा जल सतह बढेको छ भने केइन राज्यको राजधानी हपा-आन र मोन राज्यको राजधानी मावलामाइन जोड्ने प्रमुख सडकका केही भाग डुबानमा परेका छन्।

यसबाहेक याङ्गुन र मावलामाइन बीचका केही रेल मार्गहरू मङ्गलबार बागो र मावलामाइन बीचको रेलवे ट्र्याकहरूको खण्डहरूमा बाढीको कारण डुबानमा पारेका छन्।देशको मौसम विज्ञान तथा जलविज्ञान विभागले बुधबार दिउँसो यहाँका छवटा नदीमा खतराको स्तर नाघेको जनाएको छ।

बागो क्षेत्रको मडौक शहर र बागो टाउनसिप, केइन राज्यको ह्पान टाउनसिप र काचिन राज्यको मोगाउङ टाउनसिपमा नदी किनार वा तल्लो क्षेत्रका बासिन्दाहरूलाई सम्भावित बाढीको जोखिमबाट सतर्क रहन मौसम विभागले चेतावनी पनि जारी गरेको छ। बागो निवासी को आय ह्लाले बिहीबार सिन्ह्वालाई प्रत्येक वर्ष बाढीको अनुभव गरे पनि यस वर्षको डुबान लगभग तीन वर्षयताकै सबैभन्दा ठूलो बएको बताएका छन्। "मेरो घरको भुइँ तल्ला हाल डुबेको छ।"बागोका तल्लो क्षेत्रका केही बासिन्दाहरूलाई उच्च क्षेत्रहरूको खोजी गर्दै गुम्बा र आश्रयहरूमा सारिएको पनि उनले बताएका छन्।

# सरकार र गौर घटनाका पीडितबीच भएको सम्झौताप्रति जसपाको असन्तुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकार र गौर घटनाका पीडितबीच भएको सम्झौताप्रति असन्तुष्टि जनाउँदै सर्वपक्षीय उच्चस्तरीय संसदीय छानबिन समिति गठन गरी उक्त समितिमार्फत सत्यतथ्य पत्ता लगाई समस्याको समाधान गर्न माग गरेको छ ।

जसपाको संसदीय दलमा शुक्रबार पत्रकार सम्मेलन गरी साउन २३ गते गृहमन्त्रालय र रुपसागर देवी उपाध्यायबीच भएको सम्झौताले मुलुकको शान्ति, स्थिरता र सद्भावलाई नै बिथोल्ने कार्य गरेको आरोप लगाएको छ ।

पत्रकार सम्मेलनमा जसपाका प्रवक्ता मनिषकुमार सुमनले लामो समयपछि गौर घटनाको मुद्दा ल्याएर जसपा नेतृत्वलाई बदनाम गराउने प्रयास गरिएको भन्दै यसले शान्ति प्रक्रियालाई समेत अवरोध गर्नसक्ने उल्लेख गरेका छन् ।

महासचिव सुमनले जसपा यस्ता मुद्दाबाट नडराउने भन्दै छानबिनको प्रक्रिया गलत बाटोबाट लगिएकोमा असन्तुष्टि जनाए । उनले गौर घटना दुःखद् रहेकोमा त्यसको सत्यतथ्य छानबिन गरेर दोषीलाई कानुनी दायरामा ल्याउनुपर्ने बताए ।

सत्ता साझेदार दल जसपाका प्रवक्ता सुमनले पछिल्लो परिस्थितिमा सरकारमा रहने या नरहने भन्ने विषय आगामी परिस्थितिले निर्धारण गर्ने उनले भने ।

प्रवक्ता सुमनले दोषी उम्काउने र घटना सम्बन्धमा संलग्न नै नरहेका निर्दोष व्यक्तिलाई जबर्जस्ती फसाउने खोजिएको आरोप लगाए ।

जसपाले परिवर्तित राजनीतिक परिप्रेक्षयमा तत्कालीन नेकपा (माओवादी) को भूमिका परिवर्तन भइसकेको र तत्कालीन मधेसी जनअधिकार फोरम र त्यसपछि बनेको जसपाबीच वर्षौंदेखि कार्यगत एकता, गठबन्धन, मोर्चामा रही सरकार हुँदा वा प्रतिपक्षमा हुँदासमेत सहकार्य गर्दै आएका सन्दर्भमा यो मुद्दा दोहोऱ्याउनु गलत भएको ठहर गरेको छ ।

जसपाले उक्त घटनामा सरकारद्वारा गठित सर्वोच्च अदालतका बहालवाला न्यायाधिश खिलराज रेग्मीको अध्यक्षतामा उच्चस्तरीय न्यायिक छानबिन समितिको प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोग, तत्कालीन जिल्ला प्रशासन र प्रहरीले सरकारसमक्ष बुझाएका प्रतिवेदन यथाशीघ्र सार्वजनिक गर्न पनि माग गरेको छ ।

जसपाका नेता राजकिशोर यादवले गौर घटनाको मुद्दा अघि सारेर जसपाको नेतृत्वलाई बदनाम गराउने प्रयास भइरहेको आरोप लगाए ।

रौतहटको गौरमा विसं २०६३ चैत ७ गते भएको दुःखद घटनामा २७ जनाको निधन भएको थियो ।

### छुट्टाछुट्टै दुर्घटनामा...

भएको प्रहरीले जनाएको छ ।

यस्तै पूर्व-पश्चिम लोकमार्गअन्तर्गत बर्दिबास ४ स्थित भब्सीपुलमा पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना४ख ७५३ नंको जिपले बाटो काट्दै गरेका पैदलयात्री महोत्तरी गाउँपालिका ६ गोनरपुराका ५९ वर्षीय जगदीश साहलाई ठक्कर दिएको थियो । गम्भीर घाइते उनको बर्दिबास सरकारी अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

### वडाअध्यक्षलाई विद्यालय...

महासंघले आपत्ति जनाएको हो ।

उनीहरूले मस्यौदामा विभिन्न विषय संशोधन गर्न समेत माग गरेका छन् । महासंघका अध्यक्ष गुणराज मोक्तानले २८ हजार सामुदायिक विद्यालयको नेतृत्व वडाअधक्ष्यहरूको हातमा दिनु नहुने बताए ।

महासंघले ५ बुँदे माग अघि सारेको छ । जसमा समुदायको स्वामित्व र अगुवाइमा सञ्चालन हुने विद्यालय सामुदायिक विद्यालय हो संघिय शिक्षा ऐनमा सामुदायिक विद्यालय लेखिनुपर्ने, विद्यालय व्यवस्थापन समितिको नेतृत्वमा अभिभावक हुनुपर्छ र अभिभावक भेलामार्फत विद्यालय व्यवस्थापन समिति गठनको प्रबन्ध राखिनुपर्ने माग अघि सारेको छ ।

# सङ्घमा अझै आएन अन्तर प्रदेश सवारी साधनको बाटो इजाजत अनुमति

काठमाडौं, २६ साउन (रासस) ।

अन्तर प्रदेशमा चल्ने सार्वजनिक सवारी साधनको बाटो इजाजतपत्रको अनुमति सङ्घले दिनुपर्ने भए पनि यो काम प्रदेश सरकारअन्तर्गतका कार्यालयले गरिरहेका छन् ।

संविधान कार्यान्वयनमा आएको आठ वर्ष बित्न लाग्दा समेत त्यसको व्यवस्थाअनुसार अन्तर प्रदेशमा चल्ने सवारी साधनको अनुमति दिने काम पूर्णरूपमा केन्द्रमा आउन नसकेको हो । बाटोको अनुमति पहिलेदेखि नै यातायात व्यवस्था कार्यालयले दिँदै आएकाले अहिले पनि दिइरहेको र व्यवसायी पनि सेवा लिन जाने गरेको सवारी जाँच केन्द्रका प्रमुख मणिराम भुसालले बताउनुभयो ।

उहाँका अनुसार यातायात व्यवस्था विभागले अहिले सवारी साधन जाँच केन्द्रबाट बाटो इजाजतपत्रको अनुमति लिने व्यवस्था मिलाएको छ । उहाँले भन्नुभयो, “अझै आधाभन्दा बढी प्रदेशबाटै लिने गरेको पाइन्छ ।”

काठमाडौं उपत्यकाबाट पूर्वमेचीबाट पश्चिम महाकालीसम्म जाने गाडिको ‘रुट’ सङ्घीय सरकारले दिनुपर्ने भए पनि अझै धेरै सवारी साधनलाई प्रदेशले अनुमति दिइरहेको यातायात व्यवस्था विभागले जनाएको छ । यातायात व्यवस्था विभागले पटकपटक निर्माण व्यवसायीलाई समेत बैठक बोलाएर र सार्वजनिक सूचनामार्फत सङ्घबाटै अनुमति लिन भनेको छ ।

खासगरी सङ्घीय सरकारले एउटा प्रदेशबाट अर्को प्रदेशसम्म (अन्तर प्रदेश) चल्ने सवारी सधानको रुट अनुमति दिने व्यवस्था रहेको पाइन्छ । यातायात कार्यालयले गर्दै आएको काम नछाडेको र व्यवसायी पनि सेवा लिन गएको उहाँले बताउनुभयो ।

द्वप्रदेशले पनि आफैँ गर्न चाहेकाले केन्द्रलाई नदिएको प्रमुख भुसालले बताउनुभयो । प्रदेश सरकारको राजस्वको मुख्य स्रोत यातायात हो । त्यसैले पनि प्रदेश सरकारले सबै सवारी साधनको राजस्व प्रदेश सरकारले उठाउन पाउनुपर्ने भन्दै आएका छन् । अन्तर प्रदेशमा चल्ने सवारी साधन पनि प्रदेशले नै उठाएर अघि बढौं भन्ने कुरा आएको उहाँले बताउनुभयो । सङ्घीय सरकारले एकातिर अनुसूचीमा छुट्याएको जिम्मेवारी भएको र अन्तर प्रदेशमा एकभन्दा बढी प्रदेश हुँदा कसले गर्ने भन्ने हुने भएकाले आफैँले गर्नुपर्ने बताएको छ ।

अझै पनि कतिपय कुरामा सङ्घ र प्रदेशको यो काम यो निकायले गर्ने भनी स्पष्ट नछुटिएकाले कसले गर्ने भनी समय समयमा अन्यौलता हुने उहाँले बताउनुभयो । अहिले पनि रुट अनुमति लिन आउने ट्रक, बसलाई अनुमति दिने गरिएको केन्द्रले जनाएको छ । टेकुस्थित कार्यालय मात्रै नभएर देशभरका अरु कार्यालयमा पनि आउने सेवाग्राहीलाई सेवा दिइएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “सङ्घले नै अनुमति दिने भनेर तोकिएपछि सतप्रतिशत यहाँ आउनुपर्ने हो, तर अहिले पनि ३० देखि ४० प्रतिशत मात्रै आउने गरेका छन् ।”

अहिलेसम्म सबै प्रदेशमा केन्द्रको कार्यालय नभएकाले पनि सेवाग्राही प्रदेशअन्तर्गतका कार्यालयबाट सेवा लिएको हुनसक्ने उहाँले बताउनुभयो । अहिलेसम्म कोशी, बागमती, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा केन्द्रको कार्यालय भए पनि अरु तीन प्रदेशमा छैनन् । आफूहरूले कार्यालय भएका ठाउँमा केन्द्रबाट नै रुट लिने गरिएको निर्माण व्यवसायीले बताउँदै आएका छन् । केन्द्रको कार्यालय नहुँदासम्म यहाँसम्म गर्नु भनेर सङ्घीय सरकार आफैँले तोकिएको प्रमुख भुसालले बताउनुभयो । उहाँले भन्नुभयो, “व्यवसायीले राजस्व बुझाउनुपर्दा सङ्घ वा प्रदेश जहाँ बुझाउँदा पनि एउटै हो, फरक पर्दैन ।”

एउटै स्थानीय तहभित्र चल्ने सवारी साधनको व्यवस्थापन स्थानीय तहले, अन्तर स्थानीय तहको प्रदेश सरकारले र अन्तर प्रदेश (लामा दूरी) का सवारी साधनको व्यवस्थापनको जिम्मेवारी सङ्घीय सरकारको रहेको छ ।

# श्रीमानको मृत्युपछि समस्यामा परेकी उम्दालाई सहयोग




**दैनिक समाचारदाता**
**राजविराज, २६ साउन ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ की एकल महिला उम्दा देवीलाई सहयोग गर्ने हातहरु जुट्न थालेको छ ।

एक साताअघि मृत्यु भएका श्रीमान्को चरम गरिबीका कारण काजकिरिया समेत गर्न नपाएकी उनलाई छिन्नमस्ता गाउँपालिका ३ स्थित सौभाग्य कृषि सहकारी संस्था लि.का पदाधिकारीहरुले उम्दालाई श्रीमान्को काजकिरिया र राशनका लागि ५ हजार रुँपैया सहयोग उपलब्ध गराएका छन् ।

संस्थाका अध्यक्ष प्रमोद कुमार मल्लिक तथा सदस्य समेत रहेका समाजसेवी ई. सूर्यनारायण यादवले उनको घरमै पुगि आर्थिक सहयोग गरेका हुन् ।

त्यस्तै छिन्नमस्ता गाउँपालिकाका प्रशासकीय अधिकृत महेश कुमार शर्माले १ हजार १ सय रुँपैया सहयोग गरेका छन् ।

आर्थिक सहयोग जुटाउने अभियानको नेतृत्व गरिरहेका ई. यादवले निसन्तान तथा श्रीमान्को मृत्यु भएपछि हातमुख जोड्ने समस्यामा परेकी उम्दालाई सहयोग पुगोस् भन्ने उद्देश्यले अगुवाई गरेको जनाएका छन् ।

गरिबीकै कारण समयमा उपचार गराउन नसक्दा ६० वर्षिय उनका श्रीमान् गंगारामको साउन १८ गते मृत्यु भएको थियो । निसन्तान रहेकी उम्दालाई श्रीमान्को निधन भएपछि काजकिरिया गर्न मात्र नभई हातमुख जोड्ने समस्या समेत भएको खबर फैलिएपछि सहयोगी हातहरु जुट्न थालेका हुन् ।

# सांसद डा सुनील शर्मालाई थुनामा नराख्न जिल्ला अदालत काठमाडौंको आदेश

**दैनिक समाचारदाता**
**काठमाडौं, २६ साउन ।**

मेडिकल कलेज सञ्चालक समेत रहेका सांसद डा सुनील शर्मालाई थुनामा नराख्न जिल्ला अदालत काठमाडौंले आदेश दिएको छ ।

शैक्षिक प्रमाणपत्र किर्ते गरेको अभियोगमा पक्राउ परेका शर्मालाई शुक्रबार जिल्ला अदालत काठमाडौंले थुनामुक्त गर्न आदेश दिएको हो ।

जिल्ला अदालत काठमाडौंका न्यायाधीश डण्डपाणि शर्माको इजलासले थुनामा नराखिकन शर्माविरुद्ध अनुसन्धान गर्न पनि केन्द्रीय अनुसन्धान ब्युरोको नाममा आदेश दिएको छ ।

प्रहरीले उनलाई म्याद थपका लागि अदालतमा उपस्थित गराएपनि बहसपछि रिहा गर्न आदेश दिएको हो ।

शर्मालाई बिहीबार राजधानीको गोल्फुटारबाट पक्राउ गरेको थियो । यो प्रकरणमा ८ जनालाई ब्युरोले पक्राउ गरेपनि शर्मालाई भने रिहा गर्न आदेश दिएको हो । अन्य अभियुक्तविरुद्ध भने ५ दिनको म्याद थप भएको बताइएको छ ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८११७२१५२६, ९८१७७८११८७

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*